मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
पर्सा, विरगंज

फोन नं. ०५१-५२१८७९
इमेल: agriscienceparsa@gmail.com

सूचना! सूचना!! सूचना!!!

प्राङ्गारिक मल वितरण कार्यक्रमका लागि आवेदन दिने सम्वन्धि सूचना ।

प्रथम पटक प्रकाशन मितिः- २०८३।०७।१७ गते

कृषि ज्ञान केन्द्र, पर्साको चालु आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि,२०८३ बमोजिम पर्सा जिल्लाका कृषक / कृषक समूह / कृषि सहकारी / संस्था / निजी कृषि फर्म तथा कृषि उद्यमीहरूलाई प्राङ्गारिक मल सहयोगका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र अर्थात (२०८३।०८।१६ गते सम्म) देहायका कागजातहरू संलग्न गरी निवेदन सहित आवेदन दर्ता गर्नुहुन अनुरोध गरिन्छ । साथै म्याद नाघेका वा अपूर्ण विवरणयुक्त आवेदनहरू छनौट प्रक्रियामा समावेश गरिने छैनन् ।

पेश गर्नुपर्ने कागजातहरूको विवरणः

१. जग्गाधनी पुर्जाको प्रतिलिपी ।
२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
३. समूह वा संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. समूह वा संस्थाको हकमा नविकरण भएको प्रमाणपत्र वा कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि ।
५. समूह वा संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।
६. समूह वा संस्थाको हकमा निर्णयको प्रमाणित प्रतिलिपि ।
७. अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति।

राम जीवन ठाकुर
प्रमुख